# प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापना सहयोग कार्यक्रम
# कार्यान्वयन कार्यविधि,२०७७

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७७/०७/०४)

प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

Scanned with CamScanner

# प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७

स्वीकृत मितिः २०७७/ ०७/४

**प्रस्तावनाः** प्राङ्गारिक कृषिले वातावरण र जैविक विविधताको रक्षा गर्दै बढ्दो जनसंख्यालाई पर्याप्त, स्वास्थ्य र पोषणयुक्त खाद्यान्न दिर्घकालिन रुपमा उत्पादन गर्न सक्दछ। कृषिमा वर्तमानमा भईरहेको परम्परागत अभ्यासलाई परिमार्जन गरि प्राङ्गारिक कृषिमा जानु आजको आवश्यक हो। तर प्राङ्गारिक कृषिवाट स्वस्थ बाली उत्पादन, बालीको उत्पादन वृद्धि हुनुको साथै किसानहरुको आम्दानी बढने कुरामा अधिकांश किसानहरुलाई विश्वास दिलाउन सकिएको छैन । त्यसैले प्राङ्गारिक कृषिमा बृहत अनुसन्धान गरि प्राङ्गारिक कृषिको उत्पादकत्व बढाउने र प्रति एकाइ उत्पादन को लागत घटाउदै प्राङ्गारिक कृषिलाई नाफामूलक व्यवसाय बनाउन प्राङ्गारिक कृषिमा अनुसन्धानहरु तथा मोडेल फार्मको स्थापना, विकास तथा विस्तार गर्ने उद्देश्यले श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको सहमति तथा प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ को अधिनमा रही मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१)यस कार्यविधिको नाम "प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-,

(क) अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापनाको लागि सहयोग प्राप्त गर्न छनौट भएका कृषक समूह, कृषि सहकारी र नीजि कृषि फार्मलाई सम्झनु पर्छ ।

(ख) "आवेदक" भन्नाले प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापनाको लागि सहयोग लिन निवेदन दिएका कृषक समूह, कृषि सहकारी र नीजि कृषि फार्मलाई सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापनाको लागि सहयोग सम्बन्धी रहेको वार्षिक स्वीकृत कार्यक्रम सम्झनु पर्छ ।

(घ) "केन्द्र" भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(ङ) "निर्देशनालय "भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(च) "प्राङ्गारिक खेती" भन्नाले रासायनिक विषादी प्रयोग नगरी घरायसी प्राङ्गारिक स्रोत साधनको सदुपयोग गरेर तरकारी तथा फलफूल बालीहरुको खेतीलाई सम्झनु पर्छ ।

(छ) "प्राङ्गारिक अनुसन्धान केन्द्र" प्राङ्गारिक खेती सम्बन्धि गरिने खोजकार्यको लागि स्थापना गरिएको संस्थालाई सम्झनु पर्छ ।



Scanned with CamScanner

(ज) "प्राङ्गारिक कृषि फार्म" भन्नाले कम्तिमा ५ हेक्टर जमिनमा प्राङ्गारिक खेती गरिएको कृषि फार्मलाई सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ञ) " मूल्याङ्कन समिति" भन्नाले दफा ६ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले बागमती प्रदेश भित्रको महानगरपालिका, उपमहामहानगरपालिका, नगरपालिका र गाँउपालिका सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) प्राङ्गारिक कृषिको उत्पादकत्व र उत्पादन बढाउनका लागि स्थानीय स्रोत साधनको प्रयोग गरी गुणस्तरयुक्त प्राङ्गारिक मल र विषादी को उत्पादन गर्न आवश्यक अनुसन्धान तथा खोज कार्य सञ्चालन गर्ने,

(ख) आवश्यकतानुसार प्राङ्गारिक मल र प्राङ्गारिक बिषादी को उत्पादन र परीक्षण गर्ने,

(ग) प्राङ्गारिक खेतीका लागि उपयुक्त प्रविधिको परीक्षण तथा विकास गर्ने,

(घ) प्राङ्गारिक कृषिले बालीको उत्पादन वृद्धि गरी आम्दानी बढाउन सकिन्छ भन्ने तथ्यलाई व्यवहारिक रुपमा प्रमाणित गर्ने,

(ङ) किसानलाई प्राङ्गारिक कृषिमा आकर्षित गर्न प्रोत्साहन गर्ने ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रक्रिया

४. कार्यक्रम सञ्चालनः वार्षिक स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रम केन्द्र मार्फत बागमती प्रदेशका जिल्लाहरुमा सञ्चालन हुनेछ ।

५. प्रस्ताव माग गर्ने : (१) प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापना सहयोग कार्यक्रम सञ्चालनको लागि केन्द्रले ३० दिने म्याद दिई राष्ट्रिय/स्थानीय पत्रिका र रेडियो, एफ.एम. तथा अनलाईन पत्रिका मार्फत समेत प्रस्ताव आव्हान गरी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । उक्त सूचना केन्द्रको सूचना पाटी र वेबसाईटमा समेत राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन पश्चात आवेदकले अनुसूची- २ बमोजिमको निवेदनसाथ उल्लेखित कागजात, अनुसूची- ३ बमोजिमको प्रस्ताव र अनुसूची- ४ बमोजिमको प्रतिवद्धता पत्र समेत पेश गर्नुपर्छ । तर, आवेदकहरु केन्द्रमा उपस्थित हुन नसकेमा केन्द्रको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

## परिच्छेद- ३
## संस्थागत व्यवस्था



Scanned with CamScanner

६. <u>मूल्याङ्कन समितिको गठनः</u> (१) कार्यक्रम संचालनको लागि प्राप्त निवेदनहरुको मूल्याङ्कन गर्न केन्द्रमा देहाय बमोजिमको समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) प्रमुख वा नीजले तोकेको अधिकृत | -संयोजक |
| (ख) बागवानी विकास अधिकृत | -सदस्य |
| (ग) बाली संरक्षण अधिकृत | -सदस्य |
| (घ) बाली विकास/ कृषि प्रसार अधिकृत | -सदस्य |
| (ङ) खरिद ईकाई, प्रमुख | -सदस्य सचिव |

(२) मूल्याङ्कन समितिले बढीमा तीन जना विषय विज्ञलाई मूल्याङ्कन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) मूल्याङ्कन समितिले मूल्याङ्कनका मापदण्डहरु (प्रस्तावको किसिमःसमुह, सहकारी, नीजि, उपयुक्तता, साझेदारीता, क्षेत्रफल, संलग्न कृषक संख्या, शैक्षिक योग्यता, अनुभव, खोजकार्यमा संलग्नता आदि) को आधारमा मूल्याङ्कन गर्ने,

(ख) आवश्यकता बमोजिम मूल्याङ्कनको मापदण्डमा थप गर्न सक्नेछ,

(ग) आवश्यकता अनुसार प्रस्तावित कार्यक्रम स्थलको स्थलगत निरीक्षण गर्ने,

(घ) प्रस्ताव अध्ययन र स्थलगत निरीक्षण पश्चात मूल्याङ्कन गरी मूल्याङ्कन समितिको सिफारिस सहित स्विकृतीका लागि केन्द्रको प्रमुख समक्ष पेश गर्ने।

७. <u>सम्झौता</u> : (१) छनौट भएका प्रस्तावको जानकारी सम्बन्धित आवेदकहरुलाई ७ दिनभित्र गराईनेछ ।

(२) छनौटमा नपरेका आवदेकहरुले दाबी बिरोध गर्नुपर्ने भए छनौट भएको मितिले ७ दिन भित्र दाबी/बिरोधको पत्र सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता गरिसक्नु पर्ने छ।

(३) दाबी बिरोध उपर कृषि ज्ञान केन्द्र बढीमा ७ दिनभित्र निर्णय गरिसक्नुपर्ने छ ।

(४) छनौट भएका आवेदकहरुले १५ दिन भित्र सम्झौताका लागि कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्नुपर्नेछ ।

(५) छनौट भएका अनुदानग्राहीहरुसँग अनुसूची -५ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ । यसरी सम्झौता गर्दा अनुदानग्राही उपस्थित हुन नसके ईमेल मार्फत पनि सम्झौता हुन सक्नेछ ।



Scanned with CamScanner

८. <u>कार्यक्रम कार्यान्वयन</u> : (१) सम्झौता पश्चात अनुदानग्राहीले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्ड पूरा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।साथै कार्य सम्पादन यसै आ.व. भित्र गरिसक्नु पर्नेछ।

(२) कार्यक्रम सञ्चालनको अधिकतम समय सीमा सम्झौतामा तोकिए अनुसार हुनेछ र तोकिएको अवधि भित्र सबै कृयाकलापहरु सम्पन्न गरी फरफारक समेत गर्न सकिनेछ ।

(३) स्थलगत निरिक्षण गर्दा दिईएका सुझावहरु बमोजिम कार्य सन्तोषजनक गरेको नपाईएमा मन्त्रालय, निर्देशनालय वा केन्द्रले १५ दिन सम्मको समयावधि प्रदान गरी कार्यक्रम सञ्चालनमा गुणस्तर कायम गर्न सचेत गराउनेछ ।

(४) उपदफा ३ अनुसार सचेत गराउँदा समेत सन्तोषजनक कार्य हुन नसक्ने देखिएमा सम्झौता गर्ने निकायले सम्झौता खारेज गर्न सक्नेछ ।

९. <u>सञ्चालन गर्न सकिने क्रियाकलापहरु:</u> यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(क) अनुसन्धान केन्द्रका लागि: प्राङ्गारिक मल र जैविक विषादी बनाउन आवश्यक पूर्वाधारहरुको निर्माण तथा प्राङ्गारिक मल र प्राङ्गारिक/जैविक विषादी उत्पादन र परिक्षण, प्राङ्गारिक खेतिका लागि उपयुक्त प्रविधिको परीक्षण गर्न सकिनेछ ।

(ख) प्राङ्गारिक मोडल फार्मका लागि: थोपा सिंचाई जडान गर्ने, नेट हाउस वा प्लास्टिक हाउसको निर्माण, भकारो सुधार, भर्मिकम्पोष्ट पिट निर्माण गर्ने, यान्त्रीकीकरण, सिंचाईको पूर्वाधार, प्राङ्गारिक कृषि उपज संकलन तथा बिक्री केन्द्र निर्माण आदि ।

## परिच्छेद -४
## <u>आर्थिक पक्ष</u>

१०. <u>अनुदान रकम र भुक्तानी प्रक्रिया:</u> (१) स्वीकृत बजेटको परिधि भित्र रहेर दफा ९ मा उल्लेखित क्रियाकलापहरु सञ्चालन गरेर प्राङ्गारिक कृषि अनुसन्धान केन्द्र तथा मोडल फार्म स्थापनाको लागि कुल लागतको बढीमा ५० % वा रु २५,००,००० (पच्चिस लाख) अनुदान प्रदान गरिनेछ । केन्द्रले अनुदानग्राहीको वैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

(२) अनुदान प्राप्त हुने रकमको अधिकतम २% (दुई प्रतिशत) रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन तथा अनुदानग्राहीलाई तालिम तथा अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

## परिच्छेद -५
## <u>विविध</u>



Scanned with CamScanner

११. <u>अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त तथा मापदण्डहरु:</u> अनुदानग्राहीले देहाय बमोजिमका शर्त पालना गर्नुपर्नेछ ।

(क) प्राङ्गारिक कृषिको उत्पादकत्व र उत्पादन बढाउन तथा प्राङ्गारिक कृषिमा नैंया प्रविधिको विकास गर्न अनुसन्धानहरु गर्ने,

(ख) प्राङ्गारिक मोडल फार्ममा तरकारी वाली, अन्न वाली, फलफूल खेती र पशुपन्छी सहित को एकीकृत कृषि फार्म सञ्चालन गर्ने,

(ग) खाद्य तत्वको व्यवस्थापन, बाली संरक्षण र नयाँ प्रविधि विकासका लागि अनुसन्धान गर्ने,

(घ) उच्च प्रविधिको प्रयोग गर्दै प्राङ्गारिक मोडल फार्मको स्थापना गर्ने,

(ङ) प्राङ्गारिक मल र विषादीको उत्पादन गर्ने,

(च) मोडल फार्म कम्तिमा ५ हेक्टर क्षेत्रफलमा स्थापना गर्नुपर्नेछ,

(छ) कम्तीमा ८०% प्रतिशत स्वदेशी/स्थानीय समाग्रीको प्रयोग गरि प्राङ्गारिक मल अथवा विषादीको उत्पादन गर्नुपर्नेछ ।

१२. <u>अनुगमन तथा मूल्याङ्कन</u>: मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्र, वीउ विजन प्रयोगशालाहरुले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

१३. <u>संशोधन:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१४. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।



Scanned with CamScanner

अनुसूची -१

(दफा ५ को उपदफा १ सँगँ सम्बन्धित)

## प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापना सहयोग कार्यक्रमको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७.../..../....

यस केन्द्र..........,को आ.व. .... को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापना सहयोग कार्यक्रम रहेको हुँदा कार्यक्रम सञ्चालन गर्न ईच्छुक.........जिल्लाका निजि फर्म, कृषक समूह तथा कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्बन्धित केन्द्रमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै आवेदकहरु सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेमा कार्यालयको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

आवश्यक कागजातहरु:

क. अनुसूची-२ बमोजिमको निवेदन,

ख. अनुसूची-३ बमोजिमको प्रस्ताव,

ग. अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,

घ. निजि फर्म,कृषक समूह र कृषि सहकारीको दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,

ङ. सम्बन्धित स्थानीय तहको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र,

च. समूह वा सहकारीको कार्य समितिको बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,

छ. आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा कम्तिमा ५ हेक्टर रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा सामान्यतया १० वर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।

ज. सम्बन्धित व्यक्तिले भोगचलन गरेको तर लालपुर्जा नभएको हकमा स्थानीय तहको स्वीकृती वा सिफारिस,

झ. फार्मको कर्मचारी वा सञ्चालक मध्ये कम्तिमा १ जनाले कृषि बिषयमा कम्तिमा स्नातकोत्तर र प्राङ्गारिक खेती सम्बन्धि कम्तिमा ५ वर्षको अनुभव खुल्ने कागजात ।

पुनश्चः प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापना सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मन्त्रालय/निर्देशनालय/केन्द्र को वेभसाईट................समेत बाट प्राप्त गर्न सकिनेछ।



Scanned with CamScanner

अनुसूची - २

(दफा ५ को उपदफा २ सगँ सम्बन्धित)

<u>निवेदनको ढाँचा</u>

| |
|---|
| रु १० को टिकट |

मिति : ...........................

श्रीमान् प्रमुख ज्यू,

कृषि ज्ञान केन्द्र ...................।

विषयः प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापना सहयोग कार्यक्रम अनुदान सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा यस केन्द्रबाट मिति ........................ मा प्रकाशित सूचना अनुसार ..........समुह/सहकारी/नीजि फर्मबाट बागमती प्रदेश .................... जिल्ला ......................... न.पा/गा.पा .................. टोल वार्ड नं ....... मा प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापना सहयोग कार्यक्रमको लागि त्यस कार्यक्रमबाट अक्षरूपी रू.............................. सहयोग पाँउ भनि यो निवेदन दिएका छु/छौ । मैले/हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनुपर्ने नीति र कार्यविधिहरू सम्पूर्ण रूपमा बुझेका छु/छौ र त्यसै अनुसार पूर्ण रूपमा सहमत छु/छौं । यसका लागि निवेदनका साथ अन्य अवश्यक कागजातहरू समावेश गरी पेश गरेका छु/छौं ।

<u>निवेदक</u>

नीजि फार्म / कृषक समूह/सहकारी संस्थाको

अध्यक्ष/प्रतिनिधिको नामः

हस्ताक्षरः

सम्पर्क नं.

मितिः

संस्थाको छापः



Scanned with CamScanner

अनुसूची ३
(दफा ५ को उपदफा २ सँग सम्बन्धित)

प्रस्ताव

१. आवेदक सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदक नामः | |
| पुरा ठेगाना (पत्राचारको लागि) | |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) | १. कृषक समुह<br>२. सहकारी<br>३. नीजि फार्म |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम | |
| मोवाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |

२. व्यवसायिक कार्ययोजना

२.१ अनुसन्धान केन्द्र स्थापनाको लागि सञ्चालन गरिने कार्यक्रमहरु

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाइ | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२.२ फर्म स्थापनाको लागि सञ्चालन गरिने कार्यक्रमहरु



Scanned with CamScanner

| क.सं. | क्रियाकलाप विवरण | ईकाइ | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३. लागत साझेदारीः

| क. सं. | विवरण | जम्मा खर्च रु. | परियोजनाको लागत रु. | अनुदान उपलब्ध गराउने संस्थाको(रु.) | अनुदानग्राहीको लागत (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४. आम्दानीको अनुमानित विवरणः

| क.सं. | बिक्रि हुने सेवा वा बस्तु | इकाई | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| | जम्मा | | | | | | |

५. प्रमुख अपेक्षित उपलबधिहरु



Scanned with CamScanner

## अनुसूची-४

### (दफा ५ को उपदफा २ सँग सम्बन्धीत)

### प्रतिबद्धता पत्र

यस केन्द्रको मिति २०७..../....../...... को सूचना अनुसार प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापना सहयोग कार्यक्रम अन्तरगत कार्य गर्न इच्छुक भइ सो कार्यक्रममा सहभागिताको लागि योजना सहितको आवेदन पेश गरेको छु /छौं । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गरी घटीमा ५ (पाँच) वर्ष सम्म निरन्तरता दिनेछु/छौं । योजना अनुसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं अन्यथा ऐन कानून बमोजिम सहुँला /बुझाउँला । साथै संचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

इति सम्वत् २०७..../......../......गते रोज ...... शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

मिति :

छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |



Scanned with CamScanner

अनुसूची-५

(दफा ७ को उपदफा ५ सँग सम्बन्धित)

## सम्झौता पत्र

यो सम्झौता (यसपछि सम्झौता भनिएको) मिति ........ साल ....... महिनाको ..... गतेका दिन (सम्बन्धीत केन्द्रको नाम तथा ठेगाना) ................................ (यसपछि, प्रथम पक्ष भनिएको ) र (अनुदानग्राहीको नाम तथा ठेगाना)..............................(यसपछि द्वितिय पक्ष भनिएको) बिच ........... (क्षेत्रफलमा) प्राङ्गारिक अनुसन्धान केन्द्र तथा फार्म स्थापनाको लागि कुल रु. .......... को ..... प्रतिशतले हुन आउने रु..............प्रथम पक्षले दोश्रो पक्षलाई प्रदान गर्न देहाय बमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता सम्पन्न भएको छ । यो सम्झौता दुबै पक्षहरुबाट हस्ताक्षर भएको मिति देखि लागु हुनेछ ।

१. यो सम्झौता, सम्झौता भएको मिति वाट लागू हुनेछ ।

२. सम्झौता भएको मितिले सम्झौता अनुसारका क्रियाकलापहरु १५ दिनभित्र सुरु गर्नुपर्नेछ । साझेदारिको शुरु मितिः.............. र सम्पन्न हुने मिति............................ हुनेछ ।

३. आयोजनाको कुल लागत रु ..................(अक्षेरेपी ..........................................मात्र) रहेको छ जस मध्ये केन्द्रले २ प्रतिशत कन्टिन्जेन्सी रकम ................ कट्टी गरी कुल रु. ............................ (अक्षेरेपी ..................................मात्र) साझेदारी रकम उपलब्ध गराउनेछ । अनुदानग्राहीले केन्द्रवाट स्वीकृत लागत अनुमान बमोजिम खर्च गर्नुपर्नेछ ।

४. आयोजनाको लागत र क्रियाकलाप उल्लेख गरी ५x६ फिटको होर्डिङ्ग बोर्ड सबैले देख्ने स्थानमा निर्माण स्थलमा राख्नुपर्नेछ ।

५. यस सम्झौतामा उल्लेख भएका देखि अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत : | दस्तखतः |
| नाम : | नामः |
| पद : | पदः |
| कार्यालय : | संस्थाः |
| छाप : | छाप : |

साक्षीः

१.

२



Scanned with CamScanner